# श्री छाङखोला सामुदायिक वन उपभोक्ता समुह

सिरानचोक गा.पा.-०५, जरेवर, गोरखा

प.सं. :- २०८३/०८४

च.नं.:-

मितिः २०८३/०४/२१

## शिलबन्दी बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना।

(दरौदी राष्ट्रिय दैनिक, पहिलो पटक प्रकाशित मिति २०८३/०४/२१)

यस श्री छाडखोला सामुदायिक वन उपभोक्ता समुहलाई श्री जडिबुटी उत्पादन तथा प्रशोधन आयोजनाबाट कटान भई आ.व. २०८२/०८३ मा हस्तान्तरण भएको खयर प्रजातिको क्यु.फिट (स्यापउड सहित) गोलिया काठ तथा अन्य विभिन्न प्रजातिको क्यु.फिट गोलिया काठ गरी कुल जम्मा क्यु.फिट काठ र अन्य मिश्रित दाउरा ०.७५ चट्टाका लट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिबिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र श्री डिबिजन वन कार्यालय, गोरखा र यस छाडखोला सामुदायिक वन उपभोक्ता समुहको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी २२ औं दिन दिनको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना यस कार्यालयको वेबसाइट www.dfogorkha.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। विस्तृत विवरणका लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन समेत सूचित गरिन्छ।

१. लिलाम हुने गोलिया काठ/दाउराको को विवरण

| क्र.सं. | घाटगद्दी स्थान | प्रजाती | किसिम | ग्रेड | थान | परिमाण | | न्यूनतम मूल्य रु. | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | काठ (क्यू.फि.) | दाउरा (चट्टा) | | |
| १ | सिरानचोक गा.पा-०५, जरेवर, गोरखा। | खयर | स्यापउड सहित | | ६९० | ५३६.६० | | ५,३६,६००।- | |
| | | सिसौ | गोलिया काठ | A | ७ | ४३.३७ | | ३०,३५९।- | |
| | | | गोलिया काठ | B | २३३ | ३८९.४४ | | १,९४,७२०।- | |
| | | सिमल | गोलिया काठ | - | ४९ | ३२३.०१ | | ४८४५१.५०।- | |
| | | अन्य (सिमल, पड्के, बन खिर्रा, छतिबन, बाउनीकाठ) | २०x५x५ नाप साईजको मिश्रित दाउरा | | | | ०.७५ | ३,०००।- | |
| जम्मा | | | | | ९७३ | १२९२.४२ | ०.७५ | ८,१३,१३०.५०।- | |

२. गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिबिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरूले भाग लिन पाउने छन्।

३. बोलपत्र दाखिला सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको ३:०० बजे भित्र गरिसक्नु पर्नेछ।



CamScanner

# श्री छाङखोला सामुदायिक वन उपभोक्ता समुह
सिरानचोक गाउँपालिका, गोरखा


अध्ययन

प.सं. :- २०८३/०८४

च.नं.:-

मिति: २०८३/०४/२९

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

५. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको गोरखा स्थित रा.वा. बैंकमा रहेको खाता नं. ३०६०१०००९२५२१००१ (SHREE CHHANG KHOLO SAMUDAYAK BUN UP CURRENT ACCOUNT NPR) मा जम्मा गरेको बैंक भौचर समावेश हुनु पर्नेछ।

६. लिलाम बढाबढ हुने वन पैदावार (गोलिया काठ र दाउरा) यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गइ हेर्न सकिनेछ।

७. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। बोलपत्रमा कालो मसी प्रयोग गरी लेख्नु पर्नेछ।

८. शिलबन्दी बोलपत्रमा लाहाछाप लगाइएको हुनु पर्नेछ।

९. फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

१०. श्री डिभिजन वन कार्यालय, गोरखामा दर्ता भएका शिलबन्दी बोलपत्रहरू प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या रीतपूर्वक दर्ता भएका बोलपत्रहरू यस श्री छाङखोला सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोल्ने बारेको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

११. लिलाम स्वीकृति भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ। सोको जानकारी लिने दायित्व बोलपत्रदाताको समेत रहने छ। बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम, निर्धारित मु.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने संकलन खर्च (गोलिया काठ प्रति क्यू.फिट रु. २७८/- र दाउरा प्रति चट्टा रु. २८०००/-) बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहने छ।

१३. यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा आई पर्ने अन्य विवादहरू स्वतः अमान्य हुनेछन्।

१४. सकारकर्ताले सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर दाखिला गरिसकेपछि कार्यालयबाट लिलाम गरिएको गोलिया काठको नियमानुसार बढीमा २१ दिनसम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ।

१५. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ।

१६. सूचना बमोजिम बोलपत्र पेश गरीसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ।



CamScanner